# उद्योग व्यवसाय क्षेत्रको बैंकिङ सम्बन्धी समस्या र समाधान

२०७५ भदौ १३ गते, बुधबार

# विद्यमान व्यवस्था

- क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाले कुल निक्षेप दायित्वको ४ प्रतिशत अनिवार्य नगद मौज्दात राख्नु पर्ने ।
- बैधानिकता तरलता अनुपात क वर्गका बैंकले १० प्रतिशत । ख वर्ग लाई ८ प्रतिशत र वित्त कम्पनी लाई ७ प्रतिशत हुनुपर्ने ।
- स्प्रेड दर क वर्गको बैंकको लागि २०७६ असार सम्म ४.५ प्रतिशत, ख वर्ग र ग वर्गको लागि ५ प्रतिशत भन्दाबढी नहुने गरि गर्नुपर्ने ।

# विद्यमान व्यवस्था

- बैंक तथा वित्तीय संस्थाले रु ५० करोड वा सो भन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह वा नवीकरण गर्दा ऋणी संस्थाको क्रेडिट रेटिङ मूल्यांकनको आधारमा गर्नु पर्ने ।
- ऋणको लागि क्रेडिट रेटिङ गर्दा अधिकतम ०.१० प्रतिशत वा न्यूनतम १ लाख ५० हजार रुपैयाँ शुल्क लाग्ने ।
- क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाले प्राथमिकता प्राप्त क्षेत्रमा आफ्नो कुल कर्जा तथा सापटको क्रमशः २५ प्रतिशत, १५ प्रतिशत र १० प्रतिशत कर्जा २०७५ पौष मसान्त सम्म प्रवाह गर्नुपर्ने ।

# मुख्य चुनौती

- उच्च ब्याज दर ।
- मुद्रा बजारमा तरलता हुँदा पनि ब्याजदर घट्न नसकेको ।
- मनोमानी तवरले ब्याज बृद्धि ।

# समस्या

- हाल कर्जाको ब्याजदर Base Rate मा आधारित भएपनि ब्याजदरको तल्लो र माथिल्लो सीमा नतोकेको हुँदा ऋृणीले आफुले लिएको कर्जाको ब्याजदर बढीमा कतिसम्म हुने र घटीमा कतिसम्म हुन सक्ने भनेर वित्तीय प्रक्षेपण गर्न सक्ने आवस्था नरहेको ।
- ऋृणको ब्याज अकस्मात पटक पटक बृद्धि भएको ।
- बस्तुको उत्पादन लागत बढेको ।
- ऋृण लिदा क्रेडिट रेटिङको शुल्क बढी भएको ।

# समस्या

- प्रा.लि. कम्पनीको नामबाट ऋण लिदा व्यक्तिगत जमानी (Personal Guarantee) दिनु पर्ने ।
- विदेशी लगानीको स्वीकृती ढिलो हुने ।
- विदेशी लगानीको लाभांस फिर्ता लैजान ढिलो स्वीकृत हुने ।
- कृषिमा सहुलियत ऋण सहजरुपमा प्राप्त हुन नसकेको ।

# समाधान

- हालको बेसरेट गणना गर्ने तरिकामा सम्पत्तिको प्रतिफल वापत ०.७५ प्रतिशत मुनाफा समेत जोडी सकेको हुदा त्यसमा त्यस माथि थप प्रिमियम समेत जोड्दा बैंकको उच्च मुनाफा हुने हुंदा Base rate गणना गर्दा सम्पत्तिको प्रतिफल वापतको ०.७५ प्रतिशत हटाउनु पर्ने ।
- Base Rate लागू भएपछि कर्जाका ब्याजदर अत्याधिक बृद्धि भएको हुँदा Base Rate सट्टा Cost of Fund को आधारमा कर्जाको ब्याजदर गणना कायम हुनुपर्ने अन्यथा बेसरेट गणना गर्ने तरिका परिमार्जन हुनुपर्ने ।

# समाधान

- निक्षेपमा दिने ब्याजदर र कर्जामा लिने ब्याजदरको स्प्रेड दरको औषत निकाल्दा खेल्ने ठाउँ हुने हुँदा निक्षेपमा प्रदान गर्ने न्यूतम ब्याजदर र कर्जामा प्रदान गर्ने अधिकतम ब्याज दरको फरक ४.५ प्रतिशत भन्दा बढी हुनु नहुने व्यवस्था कायम गर्नुपर्ने ।
- संस्थागत निक्षेप (जस्तैः नेपाल टेलिकम, संचयकोष आदि) लाई कुल निक्षेपको २५ प्रतिशत गरिनु पर्ने ।
- २०७६ असाढबाट लागु हुने ४.५ प्रतिशतका स्प्रेड दरलाई घटाउनु पर्ने ।
- सम्बन्धित पार्टीको आधिकारिक बिलबिजकको आधारमा Mode of Payment प्रतित पत्र, ड्राफ्ट, टी.टी. हुनुपर्ने ।

# समाधान

- ऋण लिदा क्रेडिट रेटिङको शुल्क घटाउनु पर्ने ।
- कृषिमा सहुलियत ऋणको प्रभावकारी कार्यान्वयन हुनुपर्ने ।
- जलविद्युत क्षेत्रमा Fixed Interest Rate हुनुपर्ने ।
- ब्याजदरको स्थिरताको लागि Floating Interest Rate र Fixed Interest Rate को अवधारणा ल्याउनु पर्ने ।
- नगदमा आधारित अर्थतन्त्रबाट बैंकिङ च्यानलको अधिकतम उपभोग गरी क्रमशः नगद रहित अर्थतन्त्रलाई प्रोत्साहन गर्नु पर्ने । E-Commerce लाई प्रोत्साहन गर्नुपर्ने ।

# समाधान

- ऋणको ब्याजदर बृद्धि गर्दा सम्बन्धित ऋणी संग लिखित सहमति गरेरमात्र बृद्धि गर्नुपर्ने ।
- क वर्गका सबै वाणिज्य बैंकहरुबाट राजस्व बुझाउन सकिने व्यवस्था हुनुपर्ने ।

धन्यवाद !